प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तहको बार्षिक/सेमेष्टर परीक्षा प्रणालीका नियमित/आंशिक र प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रमहरुका परीक्षा केन्द्र कायम गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७८।१०।२८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति २०७८।०८।०३ गते प्रकाशित परीक्षा आवेदन फाराम भर्ने बारेको सूचना बमोजिम वार्षिक परीक्षा प्रणालीका **प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, मेडिकल ल्याब टेक्नोलोजी, रेडियोग्राफी, अप्थाल्मिक साइन्स, डेन्टल साइन्स (डेन्टल हाइजिन), आयुर्वेद, अकुपञ्चर, अकुप्रेसर एण्ड मोक्सिभेसन (AAM) र फिजियोथेरापी, योग एण्ड नेचुरोपेथी, फरेष्ट्री, डिप्लोमा इन फार्मेसी, कृषि (वाली विज्ञान), कृषि (पशु विज्ञान) कार्यक्रमहरुको प्रथम, दोस्रो र तेश्रो वर्षको नियमित/आंशिक** तथा सेमेष्टर परीक्षा प्रणालीका **डिप्लोमा इन इन्जिनियरिङ्गका कार्यक्रमहरु, होटल म्यानेजमेन्ट, फुड एण्ड डेरी टेक्नोलोजी, सोसियल वर्क्स, इन्टरप्रेनरसीप डेभलपमेण्ट कार्यक्रमहरुको प्रथम वर्ष दोस्रो खण्डका नियमित/आंशिक** परीक्षाहरु एवं प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम (दलित, मुस्लिम लोपोन्मुख जाती तथा भुकम्प प्रभावित) अन्तरगत **डिप्लोमा इन सिभिल, अटोमोवाइल, जियोमेटिक्स, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, होटल मेनेजमेन्ट, ईन्टरप्रेनरसीप डेभलपमेन्ट कार्यक्रमहरुको प्रथम वर्ष दोस्रो खण्ड, दोस्रो वर्ष दोस्रो खण्ड र तेस्रो वर्ष दोस्रो खण्डका कार्यक्रमहरुको नियमित/आंशिक** परीक्षा तथा **डिप्लोमा इन बायोमेडिकल इक्युप्मेन्ट इन्जिनियरिङ्ग कार्यक्रमको तेस्रो सेमेष्टरको नियमित/आंशिक** परीक्षाको लागि रितपुर्वकको आवेदन फाराम भरेका परीक्षार्थीहरुको मिति २०७८/१०/१९ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित परीक्षा तालीका बमोजिम मिति २०७८/११/०६ गते बिहान ७:०० बजे देखि संचालन हुने परीक्षा कोभिड १९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMCC) र नेपाल सरकारले तोकेको स्वास्थ्य सम्वन्धी मापदण्ड पुर्ण रुपमा पालना गरी **सम्वन्धित शिक्षण संस्थामा** नै परीक्षा केन्द्र कायम गर्ने गरी परीक्षा संचालन गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**